लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, अर्घाखाची
सन्धिखर्क

☎ कार्यालय : ०७७-४२०७७३
☎ कार्यालय प्रमुख : ९८५७०६३६११
☎ सुचना अधिकारी : ९८५८३२१०१६

# नदीजन्य पदार्थ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०३/१३ गते

यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वनक्षेत्र भित्रको खोला खोल्सी व्यवस्थापन कार्यक्रम कार्यान्वयनको क्रममा श्री धिरिखोला सामुदायिक वन उपभोक्ता समुह, शितगंगा न.पा.१३ अर्न्तगत पर्ने भंगला खोला व्यवस्थापनको क्रममा उत्पादित नदिजन्य पदार्थ (गिट्टी वा ग्राभेल वा बोल्डर) उत्पादन भई शितगंगा न.पा.१३ को भंगला गाँउ पुछार र भंगला छत्तिसेको खाली क्षेत्रमा घाटगद्धि गरिएको तपसिल बमोजिमका नदीजन्य वन पैदावार जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा नियमानुसारको रकम (सकार रकम, संकलन खर्च, मु.अ.कर र अ.आ.कर) दाखिला गरी आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धी कारोबार गर्ने भनी दर्ता भएका ईच्छुक र योग्यता पुगेका फर्म/संस्था/सप्लायर्स वा कम्पनीहरुले सिलवन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ ।

<u>तपसिलः</u>

१) वनपैदावारको विवरणः

| ठेक्का नं. | लट नं. | श्रोत | किसिम | परिमाण | न्युनतम रु. | संकलन खर्च रु. | घाटगद्धि स्थान |
|---|---|---|---|---|---|---|---|
| DFO/ARGHA /WORKS /SQ-04/2081-082 | १/ २०८१/ ०८२ | शितगंगा न.पा.१३, भंगला खोला | गिट्टि वा ग्राभेल वा वोल्डर | १,९०,४८८ घ.फि. | १७,१४,३९२/- | ११,४२,९२८/- | शितगंगा न.पा.१३ भंगला गाँउ पुछार र भंगला छत्तिसेको खाली क्षेत्र |

२) बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
खरिद गर्ने : क) अन्तिम मितिः २०८२/०४/१ ख) समय कार्यालय समय भित्र
दाखिला गर्ने : क) अन्तिम मितिः २०८२/०४/२ ख) समय दिउँसो २:०० बजे भित्र

३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनको तोकिएकै समयमा बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

४) बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँचीबाट खरिद र दाखिला गर्न सकिनेछ ।

५) बोलपत्रसाथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत प्रदेश धरौटी खाता लुम्बिनी प्रदेश, अर्घाखाँचीको रा.बा. बैंक सन्धिखर्क शाखामा रहेको एकल धरौटी खाता नं. ३०५०१००२०२०६०००० मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयले भुक्तानी पाउने गरी खिचिएको बैंक ड्राफ्ट वा ६ महिना भन्दा बढीको बैंक जमानत समावेश हुनुपर्नेछ ।

६) बोलपत्र फारमको रु.२,०००।- (दुई हजार मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको राजश्व खातामा जम्मा गरी दाखिला गर्नु पर्नेछ ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

मोहन प्रसाद श्रेष्ठ
सिनियर डिभिजनल वन अधिकृत



Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, अर्घाखाची
सन्धिखर्क

☏ कार्यालय : ०७७-४२०७७३
☏ कार्यालय प्रमुख :९८५७०६३६११
☏ सुचना अधिकारी :९८५८३२१०१६

मोहन प्रसाद श्रेष्ठ
सिनियर डिभिजनल वन अधिकृत

८) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८२/०४/०४ गते २:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा तथा म्याद नाघी आएको बोलपत्र मान्य हुने छैन ।

१२) बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहनेछ। कारणवश बोलपत्र स्वीकृत नभएमा वा प्रचलित नियमबाट अन्य कुनै व्यवस्था भएमा बोलपत्रदाताले अन्यथा दावी गर्न पाउनेछैन ।

१३) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर लगायतका नियमानुसार लाग्ने कर रकम, डिभिजन वन कार्यालयले तोके बमोजिमको सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ। म्याद भित्र रकम नवुझाएमा लिलाम सकार गरेको नदीजन्य पदार्थ वापतको धरौटी जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

१४) यस सूचनामा उल्लेख भएको हकमा यसै सूचना अनुसार र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५) सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वतः अमान्य हुनेछ ।

मोहन प्रसाद श्रेष्ठ
सिनियर डिभिजनल वन अधिकृत



Scanned with CamScanner